नेपाल सरकार

गृह मन्त्रालय

## नेपाल प्रहरी

# बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडा

# BEST PROVINCE POLICE OF THE MONTH

## २०७८ असार



**दर्जा, नाम :- प्रहरी नायव उपरीक्षक हरि खतिवडा**

**दरबन्दी :- जिल्ला प्रहरी कार्यालय काभ्रे**

**उत्कृष्ट कार्यको बिबरण**

जिल्ला प्रहरी कार्यालय काभ्रे दरबन्दीका प्रहरी नायव उपरीक्षक हरि खतिवडाले आफुलाई सुम्पिएको जिम्मेवारी कुशलतापूर्वक एवं प्रशंसनीय ढंगबाट सम्पादन गर्दै मिति २०७८।०२।२४ गते जिल्ला काभ्रे बनेपा न.पा. वडां-७ अरनिको राजमार्गमा भएको सवारी दुर्घटनामा सुक्ष्म अनुसन्धान गरी घटनामा संलग्न जि.रामेछाप उमाकुण्ड गा.पा.वडां नं.१ बस्ने वर्ष ४५ को दोर्जे शेर्पालाई ना. ४ च. ४०६९ नं.को माज्दा गाडी सहित मिति २०७८।०३।२५ गते पक्राउ गर्न सफल भएको, मिति २०७८।०३।०३ गते जि.काभ्रे जिल्ला पाँचखाल न.पा. वडा-६ बस्ने माधव घिमिरेले आफ्नो श्रीमती तथा बर्ष ६ को छोरालाई हत्या गरी फरार भएको कर्तव्य ज्यान मुद्धामा सफल अनुसन्धान गर्न सफल भएको, बि.पि.राजमार्गको लासकोट र माम्ती खोलामा आएको बाढी तथा पहिरोको कारण अवरुद्ध सडक सुचारु गर्नुका साथै सोही समयमा जिल्ला खोटाङ बस्ने आशा राईले सवारी साधनमै नवजात शिशुको जन्म दिएकोमा निज र नवजात शिशुको जिवितै उद्धार गरी धुलिखेल अस्पतालमा समयमै उपचारका लागी ल्याउन सफल भएको, कोरोना माहामारी संक्रमणको अवस्थामा बिभिन्न सरोकारवालासँग आवश्यक समन्वय गरी अक्सिजन उपलब्ध गराउनुका साथै स्वास्थ्य सामाग्रीहरुको व्यस्थापन लगायत प्रहरी परिचालनमा प्रभावकारी भुमिका निर्वाह गरेको साथै फरार अपराधी पक्राउ गर्ने Mission अन्तर्गत बिभिन्न मुद्धाका ११ जना फरार प्रतिवादीहरुलाई असार महिनामा पक्राउ गरी सम्मानित अदालतमा पेश गर्न सफल भएको हुँदा निजबाट सम्पादित कार्यको उच्च मूल्याङ्कन गर्दै यसको निरन्तरताका साथै अन्य प्रहरी कर्मचारीहरु समेतलाई प्रोत्साहित गर्न निज प्र.ना.उ.हरि खतिवडालाई यस कार्यालयबाट २०७८ साल **असार** महिनाको सर्वोत्कृष्ट प्रदेश प्रहरी **(BEST PROVINCE POLICE OF THE MONTH)** घोषणा गरिएको छ।

**कार्यालय प्रमुख**

**( प्रकाशजंग कार्की )**

**प्रहरी नायव महानिरीक्षक**